Rajdhani
06/01

# खैरहनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### खैरहनी, चितवन
### ३ नम्बर प्रदेश, नेपाल

## आ.व. २०७६/०७७ आन्तरिक आयतर्फको सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६।०६।०१

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४(च), प्रदेश नं. ३ आर्थिक ऐन २०७५ दफा ६ अनुसूची ४(१) तथा रकम तथा सरकारी ठेक्का बन्दोवस्त ऐन २०२० को दफा ४ अनुसार यस नगरपालिका र राप्ती नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकहरुमा आ.व. २०७६/०७७ का लागि नदिजन्य पदार्थको बिक्री एवं निकासीको आय ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले खैरहनी नगरपालिका र राप्ती नगरपालिकाको मिति २०७६।५।३० को संयुक्त बैठकको निर्णयानुसार तपसिलमा उल्लेखित ठेक्का विवरण शर्तहरुको अधिनमा रही मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको फर्म, व्यक्ति वा कम्पनीहरुबाट आ.व. २०७६/०७७ का लागि नविकरण भएको ईजाजत पत्र, आ.व. २०७५/०७६ सम्मको आयकर चुक्ताको प्रमाण पत्रको प्रतिलिपीहरु तथा उक्त फर्म कार्य योग्य भएको स्वघोषणा (Self Declaration) पत्र सहितको लिखित निवेदनको साथ तोकिएको दस्तुर कृषि विकास बैङ्क खैरहनी पर्सा शाखाको खाता ०५०९१०११५१०६४०१९ मा जम्मा गरेको बैङ्क भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी रित पूर्वकको गोप्य सिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि ३० (तिस) दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| क्र. सं. | ठेक्का नं. | ठेक्का विवरण | उठ्नउनु पर्ने क्षेत्र र परिमाण | इकाई | संकलन तथा बिक्री कर | न्यूनतम कबोल अंक वार्षिक | बोलपत्र फाराम दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | 004/income1/CHT-KMun/NCB/2076-077 | लदरा नदीको ढुङ्गा, गिट्टी, बालुवा, ग्रेभल | लदरा पुलबाट ५०० मिटर उत्तर देखी उत्तर तर्फका विभिन्न घाटहरुबाट ६०,००० घन मीटर | क्यू. फीट | रु. ९।- | १९०५१२००।- | ३०००।- | कबोल अंकको ५ प्रतिशत | ठेकेदारले VAT १३% थप गरी कर संकलन गर्नु पर्नेछ |

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिनसम्म खैरहनी नगरपालिकाबाट खरिद गर्न सकिनेछ । यसरी खरिद भएको बोलपत्रहरु ३१ औं दिन दिनको १२.०० बजे सम्म खैरहनी नगरपालिकामा सिलबन्दी दर्ता गरी सक्नु पर्नेछ ।

२. बोलपत्र फाराम खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिने छ ।

३. ठेक्काको बोलपत्रको खाममा ठेक्का नं., ठेक्काको नाम उल्लेख गरी सिलबन्दी गरी पेश गर्नु पर्नेछ । सिलबन्दी बोलपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । बोलपत्रदाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईनेछ ।

४. दर्ता भएको सिलबन्दी बोलपत्र सोही दिन दिनको २.०० बजे यस नगरपालिकामा सम्बन्धित कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताका प्रतिनिधिहरुको रोहबरमा खोलीने छ । तर बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

६. कुनै पनि कारण जनाइ वा निजको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ । ठेक्कामा कुनै विवाद भएमा खैरहनी नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

७. बोलपत्रदाताले बोलपत्र दर्ता गर्दा आफूले कबोल गरेको कबोल अंकको ५ प्रतिशतले हुने रकम यस नगरपालिकाको नाउँमा कृषि विकास बैङ्क पर्सा शाखामा रहेको धरौटी खाता नं. ०५०९१०११५१०६४०४३ मा जम्मा गरेको सक्कल बैङ्क भौचर वा यस नगरपालिकाको नाउँमा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्कबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैङ्क ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

८. ठेकदारले नियम अनुसार कबोल अंकको १३ प्रतिशतले हुने मू.अ.कर (VAT) आन्तरिक राजस्व कार्यालय चितवनमा बुझाई सक्कल भौचर यस कार्यालयमा बुझाउनु पर्नेछ । सो बाहेक नेपाल सरकार वा स्थानीय तहलाई प्रचलीत ऐन नियम अनुसार बुझाउनु पर्ने आयकर लगायत अन्य कर, दस्तुर तथा शुल्क आदि सबै ठेकदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

९. ठेक्का अवधि आर्थिक वर्ष २०७६/०७७ को सम्झौता मिति देखी लागू भई २०७७ साल जेष्ठ मसान्त सम्म रहनेछ ।

१०. ठेक्का अवधिमा बन्द, हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाइने छैन । वातावरणीय संरक्षण कार्यलाई उच्च प्राथामिकतामा राख्दै स्वीकृत IEE प्रतिवेदन को परिधि भित्र मात्र नदीजन्य सामाग्री उत्खनन गर्न पाइने छ । IEE प्रतिवेदनले निषेध गरेको अवधि र क्षेत्रबाट नदिजन्य सामग्री उत्खनन गर्न पाइने छैन । IEE शर्त पालना गर्दा वातावरणीय नकरात्मकक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले व्यहोर्नु पर्नेछ ।

११. कर संकलन गर्दा राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढांट तगारो राखी वा अन्य कुनै प्रकारको अवरोध खडा गरी कर संकलन गर्न पाईने छैन । तोकिएका कर संकलन स्थानमा दर रेट सहितको होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ ।

१२. नदीजन्य सामग्री उत्खनन् तथा निकाशी गर्ने बाटो मर्मत तथा व्यवस्थापन सम्बन्धित ठेकेदार स्वयं निर्माण गर्नुपर्नेछ र सो बापत लाग्ने खर्च दावी गर्न पाइने छैन । खोलामा रहेको पुलको दायाँ बाँया र ५०० मिटर तल सम्म र खोलाको दायाँ बायाँ रहेको कुलो नहर तटबन्धनको ५० मिटर क्षेत्र भित्र उत्खनन गर्न पाइने छैन ।

१३. ठेकेदारले ठेक्का सम्झौता गर्नु भन्दा पहिले कबोल गरेको सम्पूर्ण रकम एकमुष्ठ नगद दाखिला गरेमा कबोल अंकको ५ प्रतिशत छुट दिईने छ । त्यसरी छुट दिंदा नियमानुसारको करमा छुट हुने छैन । यदि ठेकेदारले कबोल अंक एकमुष्ठ नगद दाखिला गर्न नसकेमा कबोल अंकको ५० प्रतिशतले हुन आउने रकम नगदै यस कार्यालयको नाउँमा कृषि विकास बैङ्क पर्सा शाखामा रहेको विभाज्य कोष खाता नं. ०५०९१०११५१०६४०६१ मा रकम जम्मा गरी बाँकी ५० प्रतिशतले हुन आउने रकमको २०७७ आषाढ समान्तसम्म मान्य अवधी भएको यस नगरपालिकाको नाउँमा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बाणिज्य बैङ्कबाट जारी भएको बैङ्क ग्यारेन्टी (Performance Bond) पेश गर्नु पर्नेछ । पहिलो किस्ता नगद दाखिला गरे पछि २०७६ माघ मसान्त सम्मको कार्यादेश दिईनेछ र माघ मसान्तमा दोस्रो किस्ता दाखिला गरे पछि बाँकी अवधीको लागि कार्यादेश दिईनेछ ।

१४. यस सूचनामा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलीत कानून बमोजिम हुनेछ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

KHANAL NEPAL